annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २२५, पृष्ठ ८ | काठमाडौं, मंगलबार ८ पुस २०८२ | पौष शुक्लपक्ष तृतीया, नेपाल संवत् ११४६ | TUESDAY, DECEMBER 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## अस्ट्रेलियामा आतंक : भारतदेखि फिलिपिन्ससम्म अनुसन्धान

सिड्नीको बोन्डाइबीच नजिक भएको आतंकवादी आक्रमणपछि अस्ट्रेलियाले भारतदेखि फिलिपिन्ससम्म अन्तर्राष्ट्रिय अनुसन्धानको राडार फैलाएको छ। आक्रमणमा संलग्न बाबु–छोरा साजिद र नविद अकरामको भारतसँग पारिवारिक सम्बन्ध र फिलिपिन्स यात्राले उनीहरू चरमपन्थी समूहसँग जोडिएका थिए कि भन्ने आशंका बलियो बनेको छ। अस्ट्रेलियाली संघीय प्रहरी, गुप्तचर निकाय र अन्तर्राष्ट्रिय साझेदारबीच सहकार्य गरेर अनुसन्धान जारी छ।

**जे पाण्डे** | *सिड्नी (अस्ट्रेलिया)*
– को रिपोर्ट

समाचार पृष्ठ २

नविद अक्रम

साजिद अक्रम

रोयटर्स

## एमसीसीका सडक मर्मत आयोजना अघि बढ्दै

**काठमाडौं** (अन्नपूर्ण) : एमसीए-नेपालले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कम्प्याक्टअन्तर्गत सडक मर्मतकार्य कार्यान्वयनका लागि सम्झौता भएको छ। करिब २.३७ करोड अमेरिकी डलर मूल्यका दुई महत्त्वपूर्ण सम्झौतामा सोमबार हस्ताक्षर भएको हो। एमसीए-नेपालले सडक मर्मत आयोजना कार्यान्वयनका क्रममा पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको सडक खण्डमा फुल डेप्थ रिक्लेमेसन तथा सुपरपेभ प्रविधि प्रयोग गरेर सडक स्तरोन्नति कार्यका लागि शर्मा-कुमार संयुक्त उपक्रमसँग करिब दुई करोड अमेरिकी डलर मूल्यबराबरको सम्झौता गरेको छ।

यसैगरी नारायणघाट-मुग्लिन सडक खण्डको आवधिक मर्मत कार्यको सुपरिवेक्षणका लागि इन्टरनेसनल कन्सलट्यान्ट्स एन्ड टेक्नोक्र्याट्स प्रालिसँग करिब ३६.६ लाख अमेरिकी डलर मूल्यबराबरको सम्झौता गरेको छ। यी आयोजनाअन्तर्गत पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको ४० किमि सडक खण्डमा स्तरोन्नतिको क्रममा फुल डेप्थ रिक्लेमेसन र सुपरपेभ प्रविधि प्रयोगमार्फत ७ मिटरको क्यारिज वे र २.५ मिटरको सोल्डर निर्माण गरी सडकलाई १२ मिटर चौडा गरिनेछ।

नारायणघाट-मुग्लिन सडक खण्डको आवधिक मर्मत गरिनेछ। सडक स्तरोन्नति तथा मर्मतकार्यका लागि नयाँ प्रविधि नेपालमै पहिलो पटक गर्न लागिएको हो। नेपालका लागि अमेरिकी राजदूत डिन थम्प्सनले धानखोला-लमही सडक स्तरोन्नति आयोजना र नारायणघाट-मुग्लिन सडक मर्मत आयोजनाले कुनै एउटा सम्झौताभन्दा धेरै कुराको प्रतिनिधित्व गर्ने बताए। 'संयुक्त रूपमा यिनीहरू अमेरिका-नेपाल साझेदारीको सशक्तता, मिलेनियम च्यालेन्ज कम्प्याक्टको गति तथा नेपाली जनता एवं नेपालमा कार्यरत अमेरिकी व्यवसायीहरूका लागि मूर्त परिणाम सिर्जना गर्ने तथा सरकारका सबै तहमा साझा प्रतिबद्धता प्रतिविम्बित गर्ने अर्को उपलब्धि हुन्,' उनले भने।

» बाँकी पृष्ठ ६

## बादल हेरेरै चित्त बुझाउनुपर्ने अवस्था

**नितु घले** | *काठमाडौं*



सामाजिक सञ्जाल एक्समा आफ्ना फलोअर्सले मौसमसम्बन्धी राखेको जिज्ञासाको उत्तर दिँदै त्रिभुवन विश्वविद्यालय जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक विनोद पोखरेलले लेखे, 'पश्चिमी वायुले वर्षा गराउन सकेन, बादल हेरेरै चित्त बुझाउनुपर्‍यो। यो साता पनि वर्षाको सम्भावना छैन। तर, यो बादलले तराईको हुस्सु, कुहिरो भने हटाउन मद्दत गर्‍यो।'

उनले भने जस्तै यतिबेला पश्चिमी वायुको प्रभावले देशैभरिको मौसम थप चिसो बनाएको छ। अन्य क्षेत्रमा कतैकतै मधुरो घाम लागे पनि तराई भने बाक्लो हुस्सु, कुहिरो भित्रै रहेको प्रतिक्रिया तराईवासीको छ। पोखरेलले तराईको हुस्सु करिब तीन किलोमिटर इन्भर्सनले ढाकेको हुँदा दिउँसो लागेको घामले पनि हटाउन नसकेको प्रतिक्रिया दिएका छन्।

मौसम पूर्वानुमान महाशाखाले पनि यतिबेला देशैभरि पश्चिमी वायुको प्रभाव रहेकाले देशैभरि आंशिक बदली रहने जनाएको छ। मुख्यत: तराईमा हुस्सु र कुहिरो लाग्ने सम्भावना रहेको जनाएको छ। महाशाखाका मौसमविद् गोविन्द झा भन्छन्, 'भोलिदेखि मौसम खुलेर जानेछ। पश्चिमी वायुको प्रभावले जाडो बढाउनुका साथै बाक्लो हुस्सु र कुहिरो ल्याएको छ। पश्चिमी वायुले बोकेर ल्याएको जलवाष्पयुक्त हावाले बादल लाग्ने र हिमाली भेगमा हिमपात र जाडो गराउँछ।' पूर्व र तराई क्षेत्रमा अझै बाक्लो कुहिरो देखिए पनि पश्चिमबाट भने विस्तारै हट्दै गएको उनले बताए। उनले भने, 'अस्ति दुई दिन मौसम खुलेन, आज र भोलि खुल्नेछ। पश्चिममा आजबाट खुल्छ, भोलिदेखि पूर्वमा पनि खुल्छ। अहिले कुहिरो लाग्ने र खुल्ने भइरहेको छ।'

तर, शीतलहरको अवस्था भने सिर्जना भएको छैन। कम्तीमा तीन दिन लगातार घाम नलाग्ने, अधिकतम र न्यूनतम तापक्रमबीचको अन्तर कम हुने, तप्प पानी चुहिने खालको वातावरण बन्नेलगायतको अवस्था देखिएपछि मात्रै शीतलहर घोषणा गरिन्छ।

उनले पनि तराईमा इन्भर्सले ढाकेको बताए। इन्भर्सनको अवस्थामा उचाइअनुसार तापक्रम घट्नुको साटो बढ्ने हुन्छ। त्यसले हुस्सु, कुहिरो लाग्नलाई उचित वातावरण बनाइदिन्छ र बाक्लो हुस्सु, कुहिरो लागिरहने हुन्छ। जति कडा, बाक्लो इन्भर्सन भयो हुस्सु, कुहिरो झन् कडा वा शक्तिशाली हुन्छ। र, धेरै समय रहिरहन्छ। त्यसलाई हटाउन जोडले हावा चल्नुपर्छ। यसले पानी पर्न दिँदैन। हुस्सु, कुहिरो बन्नलाई भने कम हावा भए पनि पुग्ने झाले बताए।

यस्तो समयमा प्रदूषण बढी हुन्छ। हुस्सु, कुहिरोले प्रदूषण पनि समातेर राख्छ। हावा चलेको समयमा मात्रै प्रदूषण घट्ने हुन्छ। अन्यथा वायुमण्डलमा तैरिएर प्रदूषण बसिरहन्छ। तापक्रम घट्दै गएपछि हुस्सु, कुहिरो पनि लाग्छ। साथै धुलोमैलो उडेर जाँदैन। तापक्रम कम हुँदा प्रदूषण पनि बढ्ने गर्छ।

» बाँकी पृष्ठ ६

## दक्षिण अफ्रिकामा गोलीबारी, ९ को मृत्यु



**केप टाउन** (एजेन्सी) : दक्षिण अफ्रिकाको एक बारमा भएको गोलीबारीमा ९ जनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन्। प्रहरीका अनुसार जोहनसबर्ग नजिकैको बेकरसडल क्षेत्रमा ७ पुरुष र २ महिलाको मृत्यु भएको हो। दुईवटा गाडीमा आएका करिब १२ जना अज्ञात आक्रमणकारीले बारमा उपस्थित मानिसमाथि गोली चलाएको बताइएको छ।

प्रहरीले मानिस आफ्नो ज्यान जोगाउन भागिरहेका बेला पनि आक्रमणकारीहरूले अन्धाधुन्ध गोलीबारी जारी राखेको जनाए। आइतबार स्थानीय समयअनुसार बिहान १ बजेतिर गोलीबारी भएको थियो। प्रहरीले उक्त बार इजाजतपत्र प्राप्त भएको बताएको छ।

## सर्वपक्षीय बैठक : फागुन २१ मै निर्वाचन हुनेमा दलहरूको शंका

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



निर्वाचनको विषयमा राजनीतिक दलले शंका, उपशंका जनाएका छन् भने जेन-जी अगुवाले असन्तुष्टि र आक्रोश व्यक्त गरेका छन्। यद्यपि फागुन २१ मा नै निर्वाचन गर्न तयारी गरेको सरकारले जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा सम्पन्न सर्वपक्षीय छलफलमा मन्त्रीहरूकै बोलीका कारण निर्वाचन भाडिँदै गएको सहभागीले जनाए।

त्यसैगरी राजनीतिक दलका नेताहरूले पनि अहिले निर्वाचनको वातावरण बनिनसकेको धारणा राखे। लुटिएका हतियार फिर्ता नभएसम्म र भागेका कैदी नियन्त्रणमा नआएसम्म आशंका उब्जिरहने उनीहरूको भनाइ छ। नेपाली कांग्रेस र एमालेमात्रै होइन, जेन-जीका केही समूहहरू संसद् पुनर्स्थापनाको पक्षमा देखिन थालेका छन्। पछिल्लो समय जेन-जी अभियन्ता सुधन गुरुङ र मिराज ढुंगानालगायत पनि निर्वाचनभन्दा संसद् पुनर्स्थापनाको पक्षमा देखिएका छन्।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले आफ्नो पार्टी चुनावमा भाग लिने गरी अगाडि बढेको बताए। उनले कांग्रेसमा नै कतिपयले यसबारे संशय व्यक्त गर्ने गरेको पाइएको भन्दै पार्टीको आधिकारिक निर्णय ख्याल गर्नुपर्ने बताए। 'नेपाली कांग्रेस आधिकारिक रूपमा केन्द्रीय समितिबाट निर्णय गरेर फागुन २१ गतेको निर्वाचनमा सहभागी हुने तय गरिसकेका छौं', उनले भने। सहमहामन्त्री यादवले निर्वाचनबिना देशले निकास पाउँदैन भन्ने नै कांग्रेसको स्पष्ट धारणा रहेको बताए।

कांग्रेस सहमहामन्त्री यादवले आफूहरूले आन्तरिक रूपमा निर्वाचनको तयारी गरिरहेको बताउँदै उम्मेदवार छनोटको कार्य निकै अगाडि बढिसकेको जानकारी दिए। उनले केही नेतालाई स्थानहदमा राखिएको भन्दै स्थानहदमा रहेको व्यक्तिले कसरी चुनाव लड्ने भन्ने रहेको बताए। उनले भयमुक्त वातावरणमा मतदान गर्ने वातावरणका लागि थप मेहनतको आवश्यक रहेको जनाए।

उनले समानुपातिक बन्द सूची बुझाउने कार्यतालिका हेरफेर गर्न प्रस्ताव गरे। 'समानुपातिकको समय पुस १३ र १४ गतेका लागि छ, यो समय अपुग भयो। त्यसलाई दुई चार दिन पर सार्नुपर्छ,' उनले भने, 'तर फागुन २१ को निर्वाचन सोही मितिमा हुनुपर्छ।' उनले बहुदलीय व्यवस्थामा राजनीतिक दल महत्त्वपूर्ण हुने र दलका प्रमुख शीर्ष नेताहरूसँग प्रधानमन्त्रीले संवाद गर्नुपर्ने पनि बताए।

नेकपा एमालेका सचिव महेश बस्नेतले आगामी फागुन २१ गते निर्वाचन हुन्छ भन्ने विश्वसनीय आधार सरकारले दिन नसकेको बताए। उनले भने, 'सैद्धान्तिक रूपमा हामी निर्वाचनको पक्षमा छौं। तर, आजको वातावरण र यो सरकार असंवैधानिक भनेर संसद् पुनर्स्थापनाका लागि सर्वोच्च अदालत गएकाले चुनाव हुँदैन भन्ने हाम्रो निष्कर्ष हो।'

उनले फागुन २१ को चुनाव र जेन-जी सरकारबीच भएको सम्झौताप्रति आफ्नो पार्टीको सैद्धान्तिक सहमति रहेको स्पष्ट पारे। जेन-जीसँगको सम्झौता र चुनावप्रति सैद्धान्तिक रूपमा एमालेको आपत्ति नरहेको प्रस्ट पारे। 'तर जेन-जीहरू नै भएका सहमति कार्यान्वयनमा आशंका गरिरहेका छन्, कोही जेन-जी चुनाव हुँदैन भनिरहेका छन्। अब फागुन २१ मा चुनाव भएन र सर्‍यो भने संसद् पुनर्स्थापना हुन्छ कि, के हुन्छ ? ६ महिनाभन्दा बढी ग्याप त हामीले देखेका छैनौं। अहिले लोकतान्त्रिक पद्धति मिचेर भटाभट अध्यादेश ल्याइरहनुभएको छ,' सचिव बस्नेतले भने।

दलका नेतामाथि अहिले पनि स्थानहद लगाइएको भन्दै उनले विरोध जनाएका छन्। उनले भने, 'म नै हुँ-५/७ जिल्ला जाँदा ढुंगा खाएर आएको मान्छे। हामीले ढुंगा खाएबापत खुसियाली मनाएकै छौं। त्यसकारण चुनाव २१ गते हुन्छ भन्ने कुरामा हामी विश्वस्त छैनौं।'

» बाँकी पृष्ठ ६